नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)
फोन: ४११२७१७
४११२५५४
फ्याक्स: ४११२६५२
Email: pressdoi8@gmail.com

प.सं.: २०७५/०७६
च.नं.: १०८१

मिति : २०७६/०२/१७

विषय:- विज्ञापन नमूना पठाइएको ।

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा च.नं. प्रेस -२२/३८२ मिति २०७६/०२/१३ गतेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पत्रबाट निम्न सन्देश लोककल्याणकारी विज्ञापनको रुपमा प्रकाशन प्रसारणका लागि अनुरोध भई आएको सन्दर्भमा देहायका विज्ञापनलाई प्राथमिकता दिई आलोपालो मिलाई प्रकाशन गर्ने व्यवस्था गर्नुहुन मिति २०७६/०२/१७ को निर्णयानुसार अनुरोध छ ।

रुपा बि.क.
शाखा अधिकृत

बोधार्थ:-
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार ।
श्री प्रदेश मुकाममा रहेका हुलाक कार्यालयहरु:- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना तथा प्रसारण विभाग ।

## सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं !

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । त्यस्ता तालिममा सहभागि भई सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## भूकम्प प्रतिरोधी घर बनाऔं !

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहाँ पनि जान सक्छ । त्यसैले, घर निर्माण गर्दा इञ्जिनियरको सल्लाह लिएर मापदण्ड अनुसार घर बनाऔं । गुणस्तरीय सामग्रीहरुको प्रयोग गरी तालिम प्राप्त डकर्मीहरुबाट घर निर्माण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## पुनर्निर्माणमा कमजोर वर्गलाई मद्दत गरौं !

पुनर्निर्माण तथा जनजीविकाको क्षेत्रमा क्रियाशील संघ/संस्था तथा व्यक्तिहरुले सहायता गर्दा सीमान्तकृत समुदाय, एकल महिला, वृद्धवृद्धा, विपन्न दलित, अपाङ्गता भएका व्यक्ति र परिवारलाई प्राथमिकता दिऔं । उनीहरुलाई जीविकोपार्जनमा सहभागि गराई आत्मसम्मानपूर्ण जीवन बाँच्ने अवसर दिलाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

तपाईसँग पुनर्निर्माण सम्बन्धी कुनै जिज्ञासा, गुनासा, सल्लाह तथा सुझाव भए, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पैसा नलाग्ने टेलिफोन नम्बर १६६०-०१-७२००० वा ९८०१५-७२१११ मा सम्पर्क गरी आफ्ना जिज्ञासा, गुनासा राख्न वा सल्लाह/सुझाव दिन सक्नु हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## अनुदानको सही सदुपयोग गरौं !

निजी आवास पुनर्निर्माण लाभग्राहीहरुलाई सुरक्षित घर निर्माणका लागि नेपाल सरकारले रु. तीनलाख अनुदान र निशुल्क प्राविधिक सहायता उपलब्ध गराएको छ । यसको सदुपयोग गरी सुरक्षित घर निर्माण गरौं । राम्रो र बलियो अवधारणामा पुनर्निर्माण सुनिश्चित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## प्रवलीकरण गरी घर सुरक्षित बनाऔं !

पुनर्निर्माण गर्दा प्राविधिकहरुको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**सहुलियत ऋण लिई पुनर्निर्माण गरौं !**

आर्थिक अभावमा घर निर्माण सुरु गर्न नसकेकाहरुलाई अधिकतम पाँच वर्षको लागि तीनलाख रुपैयाँ सहुलियत व्याज अनुदानमा (५% अनुदान) कर्जा उपलब्ध गराउने नीति नेपाल सरकारको रेहेकाले नजिकको बैङ्क तथा वित्तिय संस्थाहरुमा सम्पर्क राखी यो सुविधा उपभोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**